प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
गण्डकी प्रदेश कार्यालय
पोखरा, कास्की ।

**डिप्लोमा/प्रमाणपत्र तहको वर्गिकृत (नि:शुल्क) छात्रवृत्ति तर्फ भर्नाको लागि निवेदन पेश गर्ने सम्बन्धमा अत्यन्त जरुरी सूचना ।**

**सूचना प्रकाशित मितिः २०८१/०८/२६**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद,परीक्षा नियन्त्रण कार्यालय,सानोठिमी, भक्तपुरको मिति २०८१/०८/२१ गते शैक्षिक सत्र २०८१/८२ को लागि गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार यस प्रदेश अन्तर्गत नयाँ सम्बन्धन स्वीकृति पाएका संस्थाहरुमा तपशिल बमोजिमका कार्यक्रमहरुमा निम्नानुसार सिट संख्यामा वर्गीकृत (नि:शुल्क) छात्रवृत्तिमा परीक्षार्थीहरु सिफारिस गर्नुपर्ने भएकोले प.नि.का द्वारा मिति २०८१/०३/१५ गते प्रकाशित सूचना बमोजिम मिति २०८१/०४/१२ गतेको प्रवेश परीक्षामा सम्मिलित भई योग्य आवेदकहरु मध्येबाट **"डिप्लोमा/प्रमाणपत्र तहको प्रबेश परीक्षा संचालन छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धि निर्देशिका २०८१"** अनुसार यस कार्यलयबाट प्रकाशित नतिजा बमोजिम सम्बन्धित कार्यक्रमको उतीर्ण/प्रतिक्षा सुचिमा रहेका परीक्षार्थीहरुले सूचना प्रकाशित भएको मितिले ७ दिन (मिति २०८१/०९/०२) गते मंगलबार सम्म) कार्यालय समय भित्र यस कार्यालयमा स्वंम उपस्थित भई निवेदन दर्ता गराउनुहुन वा कार्यालयको इमेल ठेगाना exam.ctevtgandaki@gmail. com मा पठाउनुहुन अनुरोध छ ।

**आवेदन साथ पेश गर्नु पर्ने कगजातहरु**

१.प्रदेश कार्यालयले तयार पारेको निवेदन ।
२.प्रवेश परीक्षाको प्रवेश पत्रको प्रतिलिपि ।
३.प्रकाशित नतिजा सिट ।
४.जन्मदर्ता /नागरिकताको प्रतिलिपि ।
५.लक्षित वर्गको भए सो खुल्ने कागजात ।

**तपशिलः**
**वर्गीकृत (नि:शुल्क) छात्रवृत्तिमा सिफारिस गरिने कार्यक्रम र सिट/कोटा संख्या**

| क.स | कार्यक्रम | सिट संख्या |
|---|---|---|
| १. | डिप्लोमा इन फार्मेसी | १२ |

**नोटः शैक्षिक शत्र २०८१/८२ मा भर्ना भई रेजिस्ट्रेशन प्रक्रिया भएका परीक्षार्थीहरुलाई भर्ना प्रक्रियामा समावेश गरिने छैन**

निर्देशक

मिति :२०८१/../..

श्रीमान निर्देशक ज्यू
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
गण्डकी प्रदेश कार्यालय,
पोखरा, कास्की ।

**विषय: वर्गीकृत (नि:शुल्क) छात्रवृत्तिको रिक्त सिटमा भर्ना हुन पाऊँ ।**

महोदय ,

उपरोक्त सम्बन्धमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् गण्डकी प्रदेशको मिति २०८१/०८/२६ गतेको सूचनानासुर म पनि अध्ययन गर्न इच्छुक रहेकोले आवस्यक कागजात सहित यो निबेदन पेश गरेको छु । म प्रदेश कार्यालयले सिफारिस गरेको सम्बन्धित प्रदेशको जुनसुकै शिक्षण संस्थामा गई अध्ययन गर्न मन्जुर छु । सो उपर कुनै उजुर बाजुर गर्ने छैन, गरेमा यसै कागज बमोजिम बदर गरेमा मेरो मन्जुरी छ ।

| क्र .श | प्रवेश परीक्षाको सिम्बोल नम्बर | नाम र थर | फारम भरेको कार्यक्रम | तह | प्राप्ताङ्क | कोटा | भर्ना हुन चाहेको कार्यक्रम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**निवेदक**

नाम थर:

हस्ताक्षर:

सम्पर्क नं:

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
गण्डकी प्रदेश प्रदेश कार्यालय